जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.नि.हु.का.द.नं. ६/०५४/०६५

वर्ष ४०    अंक ८    २०७८ साल भदौ २७ गते आइतवार (12 Sep. 2021  Sunday)    मूल्य रु. ७/-

लैङ्गिक हिंसा अन्त्यको प्रतिबद्धता:

व्यक्ति, परिवार र समाजको ऐक्यबद्धता ।

नेपाल सरकार

विज्ञापन बोर्ड

*यस अंक भित्र* – पृष्ठ २ मा : आत्महत्या रोकथाम: जीवन ... पृष्ठ ३ मा : नेपाली काँग्रेसको सङ्कट ... पृष्ठ ५ मा : अदालतबाट बीस वर्ष ... पृष्ठ ५ मा : बेलायतमा २४ घन्टामा ३८ ....

## न्यायाधिश र कर्मचारी संक्रमित भएपछि अदालतको सेवा कटौती




**राजविराज**/उच्च अदालत जनकपुर-राजविराज इजलासका न्यायाधिश र कर्मचारी कोरोना संक्रमित भएपछि शुक्रवारदेखी सेवा कटौती गरिएको छ ।

उक्त अदालतका एक न्यायाधिश र एक शाखा अधिकृतमा कोरोना संक्रमण पुष्टी भएपछि शुक्रवारदेखी असोज १ गते सम्मका लागी अदालतबाट सम्पादित हुने दैनिक कार्य कटौती गरिएको हो ।

दुई जना संक्रमित हुनुका साथै अन्य केही न्यायाधिश र कर्मचारीमा समेत कोरोना संग मिल्दो जुल्दो लक्षण देखिन थालेपछी सर्तकताका लागी सेवा प्रवाहमा केही कटौती गरिएको अदालतका निमित्त रजिष्टार उज्जल न्यौपानेले जानकारी दिएका छन् ।

असोज १ सम्म प्रति दिन बढीमा १० वटा सम्म रिट निवेदन दर्ता तथा प्रारम्भीक सुनवाई, प्रतिदिन १० वटा सम्म थुनुवा सम्बन्धि वेरितका निवेदन दर्ता र सुनवाई तथा १० वटा सम्म मात्र पुनरावेदन दर्ता हुने जनाइएको छ ।

यसैगरी बन्दी प्रत्येक्षीकरण, मुदा फिर्ता निवदेन र मिलापत्रको दर्ता तथा सुनवाई पनि प्रति दिन १० वटा सम्म मात्र हुने व्यवस्था मिलाईएको छ ।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवका अनुसार सप्तरीमा कोरोनाको दोश्रो लहरमा हाल सम्म १ सय १८ जनाले ज्यान गुमाई सकेका छन् ।

## चौठ चन्द पर्व श्रद्धापूर्वक मनाइयो



**राजविराज**/चौठ चन्द ( चोर चन्द) पर्व शुक्रवार श्रद्धापूर्वक मनाइएको छ ।

चौठ चन्द पर्व सप्तरीका साथै धनुषा, महोत्तरी, रौतहट, बारा, पर्सा, सर्लाही, सिरहा लगायतका जिल्लामा उत्साहाका साथ मनाइन्छ ।

चौठ चन्द पुजा मिथीला क्षेत्रमा मिथिला नरेश हेमांगद ठाकुरद्वारा प्रारम्भ भएको मानिन्छ । चन्द्रमा कंकित भएको धार्मिक मान्यता अनुसार मिथिला वासीले चौठ चन्दको पुजा गरी धर्म दोषबाट मुक्ती, परिवारको कल्याण, धनधान्य प्राप्ती र मनोकामना पुरा हुने विश्वास छ ।

छठ पर्ववमा सुर्यको पुजा गरे झैं चतुर्थीको साँझ चन्द्रमाको पुजा गरे परिवारमा खुशियाली छाउने र इच्छित मनोकामना पुरा हुने जनविश्वास रहेको छ ।

द्वापर युगमा भगवान श्रीकृष्णले लोभमा परेर आफ्ना साथीको हत्या गरेको झुठो आरोप

*बाँकी पाँच पृष्ठमा*

## नगरको सडक, फोहर ब्यबस्थापन तथा छाडा चौपाया नियन्त्रण गर्न ज्ञापन



**राजविराज**/राजबिराज नगर नगरका युवाहरूले नगरको सडक अबस्था, फोहोर ब्यबस्थापन तथा छाडा चौपाया नियन्त्रणका लागि प्रमुख शम्भु प्रसाद यादबलाई ज्ञापन पत्र बुझाएका छन् ।

शुक्रवार राजबिराज नगरका युवाहरूले नगरको दुर्वस्थाले नगरको सौन्दर्य नै अपहरणमा परेको जस्तो देखिएकोले चाडौ भन्दा चाडौ यसको नियन्त्रण गर्न ज्ञापन पत्र मार्फत नगर प्रमुखलाई आग्रह गरेका छन् ।

युवाहरूले केही दिनदेखी सामाजिक संजाल र मिडियाहरुमा राजविराज नगरपालिका बारेमा राखिएको समस्या बारेमा मध्यनजर गर्दै उक्त ज्ञापन पत्र बुझाएको जनाएका छन् ।

नगरवासीले देख्ने गरि सम्बधित वडाका प्रतिनिधीसहित प्रभावित क्षेत्रको निरीक्षण गर्न, नालाहरुलाई सफा गराई सडकहरुमा जम्ने बर्षाको पानीको निकाश हुने ब्यवस्था मिलाउनुपर्ने, सडकका खाल्डाहरुलाई हिलो न हुने खालका ब्यबस्थापन गर्नुपर्ने माँग गरेका छन् ।

नीजि शौचालयको मलमुत्र सडकमा फैलिई दुर्गन्धित पर्ने कामलाई रोक्न, दैनिक फोहर उठाउने व्यवस्था चुस्त बनाउन, खानेपानी धाराबाट आउने गरेको फोहर रोक्नुपर्ने, नगर भित्र छाडा गाई, साँढे, सुँगुर नियन्त्रण गर्ने व्यवस्था गर्न माँग गरिएको छ ।

यस सम्बन्धमा नगर प्रमुख यादबले पुसको अन्तिमसम्ममा राजविराज नगरपालिकाले ज्ञापन पत्रमा राखिएका बिषयहरूको सम्बोधन हुने प्रतिबद्धता जनाएका छन् ।

## ट्याक्टरको ठक्करबाट मोसा चालकको मृत्यु

**राजविराज**/राजविराजस्थित महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पस नजिक मिलनचोकमा ट्र्याक्टरले मोटरसाइकललाई ठक्कर दिंदा मोटरसाइकलमा सवार विष्णुपुर गाउँपालिका-५ कट्टीका ५५ वर्षीय लेल्है खंगके मृत्यु भएको छ ।

को.७प. ४४१० नं.को मोटरसाइकलमा सवार राजविराजबाट विष्णुपुर घरतर्फ

*बाँकी पाँच पृष्ठमा*

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७८/५/२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७८/६/४

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**

राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय ....

# मतको कदर गरौं

सप्तरी जिल्लाको विकासमा अहिले स्थानिय जनताहरुको चासो सह्रानिय रहेको छ। जिल्लाको विकास बारे सकारात्मक एवं नकारात्मक टिकाटिप्पणीहरु विभिन्न सामाजिक संजालमार्फत सम्प्रेशन भइरहेको छ। यसरी कुनै पनि विषयमा सान्दर्भिक टिकाटिप्पणी गर्नु सह्रानिय हो। विषय बुझेर गरिने टिकाटिप्णीले सकारात्मक सन्देश दिन्छ। विगमा सामाजिक संजालप्रति खासै चासो र पहुँच नहुने व्यक्तिले अहिले थारै भएपनि सामाजिक संजालमार्फत चासो देखाउनु राम्रो पक्ष मानिन्छ।

विगतका वर्षहरुमा जिल्लाको विकासबारे थारै मानिसहरुले जिज्ञासा राख्ने गर्दथे। सो विषयबारे कहा बोल्ने कुरा थाहा नहुँदा उक्त विषयप्रति स्थानियहरु मौन थिए। तर अहिले कुनै पनि विषयप्रति टीकाटिप्पणी गर्ने धेरै माध्यमहरु छन्। सामाजिक संजाल, संचारमाध्यममा पत्रपत्रिका, अनलाईन, टिभि, रेडियो लगायत। यसरी कम्तिमा समग्र जिल्लाको विकास बारे हुने गरेको टिप्पणीले सरोकारवाला निकायको ध्यान आकृष्टका साथै त्यसलाई सुधार गर्ने मौकाको रुपमा लिनसकिन्छ। कुनै पनि विषयको सबै नकारात्मक मात्र नभएर सकारात्मक पक्ष पनि हुन्छ भन्ने कुरा सम्बन्धीत निकायले बुझ्नु पनि उत्तिकै आवश्यक छ।

चार वर्षको अवधीमा जनप्रतिनिधिहरुले गरेको स्थानिय तहको विकास कसैसामु लुकेको छैन्। कतै राम्रो त कतै असन्तुष्ट कामहरु भएका छन्। हो यस्ता कार्यहरुको मुल्याङ्कन गर्न जनताले देखाएको चासोलाई जनप्रतिनिधिले नकारात्मक नसोचेर त्यस्ता कामहरुलाई सच्याएर लैजानु नै बुद्धिमानी हुन्छ। तसर्थ आउँदो दिनमा जनताको चाहना अनुसारको कार्यलाई प्राथमिकता दिई सम्पन्न गर्ने अभिभारा जनप्रतिनिधिले बुझ्नु आवश्यक छ। अनिमात्र जनताको मतबाट निर्वाचित पदाधिकारीहरुको कदर हुन्छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी

Dr. Ranjana Giri

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

Infertility Specialist (Consultant IVF)

NMC No. : 10635

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# आत्महत्या रोकथामः जीवन जीउने पद्धतिका चार रणनीति



**डा राजेश संभाजीराव पाण्डव**

हामी सबैले एकपटक आ–आफ्नो मुटुमाथि हत्केला राखौँ त।

मुटुको धडकन थाहा पाउनुभयो ?

यसलाई उद्देश्य भनिन्छ।

सुन्दा सामान्य सुनिए पनि, तर खास कुरा भनेको तपाइँको मुटु अझै पनि धड्किरहेको छ र शरीरभरि यसले रक्तसञ्चार गरिरहेको छ, अनि यो जीवित रहिरहन चाहिने पर्याप्त कारण हुनसक्छ। हामी कुनै कारणले नै जीवित छौँ, त्यसैले हार कहिल्यै नमान्नुहोला।

केही मानिसहरूमा आत्महत्या गर्ने सोच आउन सक्छ। यसो हुनुको कारण उनीहरू आफ्नो जीवनबाट खुशी छैनन् र जीवनको खास उद्देश्य पहिल्याउन सकेका छैनन् भन्ने हो। यदि तपाइँ वा तपाईंको नजिकको कसैमा आत्महत्या गर्ने सोच आइरहेको छ भने तुरुन्त ११६६ मा डायल गर्नुहोस्। अब नेपालमा पनि आत्महत्या रोकथाम हेल्पलाइन ११६६ उपलब्ध भएको छ।

मानसिक स्वास्थ्य र नशालु पदार्थ सेवनसम्बन्धी समस्याहरूको बढ्दो प्रवृत्तिबाट नेपाल पनि अछुतो छैन। समग्रमा यी दुवै कारकहरू न्यून तथा मध्यम आय भएका मुलुकमा पाँचमध्ये १ वर्षको अपाङ्गताको लागि जिम्मेवार रहेका छन्।

आत्महत्या भन्नाले कमजोर मानसिक स्वास्थ्यलाई जनाउँछ र संसारभर मृत्युको प्रमुख कारणमध्ये यो एक हो। नेपालमा सन् २०१९ मा गरिएको राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षणअनुसार ६.५ प्रतिशत वयस्क जनसङ्ख्याले उनीहरूमा आत्महत्याको सोच भएको बताएका थिए। सन् २०२० मा प्रत्येक दिन हामीले नेपालमा आत्महत्या घटनामा १९ व्यक्ति गुमायौँ। आत्महत्याको कारण हुने मृत्युदर एचआईभी, मलेरिया, स्तन क्यान्सर वा युद्ध तथा आपराधिक हत्याबाट हुने मृत्युभन्दा धेरै छ।

यदि हामी आत्महत्याको बढ्दो दरको यो प्रवृत्तिलाई रोक्न र उल्ट्याउन विफल भयौं भने नेपालले दिगो विकास लक्ष्यहरू र विश्व स्वास्थ्य संगठनको विश्व मानसिक स्वास्थ्य कार्ययोजना हासिल गर्ने छैन।

कोभिड-१९, भूकम्प वा बारम्बार आउने बाढी जस्ता आपत्कालीन अवस्थाहरूले पहिल्यै दबाबमा रहेका स्वास्थ्य प्रणाली र सेवाहरूमा झनै दबाब बढाएका छन्। यस्ता आपत्कालीन अवस्थाहरूले उच्च प्राथमिकता पाउँछन् र अन्य विषयहरूलाई ओझेलमा पर्छन्। आपत्कालीन अवस्थाहरूले मानसिक स्वास्थ्यलाई झनै बिगार्ने भएकाले मानसिक स्वास्थ्यलाई आपत्कालीन अवस्थाको सन्दर्भसमेतमा प्राथमिकता दिइनुपर्छ।

मानव व्यवहारसम्बन्धी वैज्ञानिक स्यान्ड्रा जे क्लार्कले प्रायः उद्धृत हुने सन् २००१को शोधपत्रमा यो कुरा राम्रोसँग उल्लेख गरेकी छिन् : आत्महत्याबाट व्यक्ति जीवनमा एकपटक मर्दछ। तर जो बाँकी रहन्छन्, तिनीहरू ती भयानक क्षणहरूसँगै पुनः जिउने र बुझ्ने कोसिसमा हजार मृत्यु मर्दछन्।

अध्ययनहरूका अनुसार प्रत्येक आत्महत्यामा औसतमा ६ वा सोभन्दा बढी आत्महत्याका प्रभावितहरू हुन्छन्। यिनीहरू आफूले अति माया गर्ने व्यक्ति गुमाएका र त्यसको कारणले शोकमा जिउने व्यक्तिहरू हुन्। आत्महत्या प्रभावितहरू आत्महत्याको बारेमा सोच्ने, योजना बनाउने वा आत्महत्याको प्रयास गर्ने बढ्दो जोखिममा हुन्छन्, यसले पीडा र दुःखको अविरल प्रभावलाई झनै बढाउँदै लान्छ।

विश्व स्थास्थ्य संगठनले हालै आत्महत्या रोकथामको LIVE LIFE approach (जीवन जीउने पद्धति) कार्यान्वयन गर्नको लागि बृहत् मार्गदर्शन जारी गरेको छ। यस पद्धतिमा ४ वटा रणनीति छन्।

पहिलो, अत्याधिक खतरनाक कीटनाशक विष र बन्दूकजस्ता आत्महत्या गर्ने साधानहरूमा पहुँच सीमित गर्ने।

सबैभन्दा खतरनाक कीटनाशकमा प्रतिबन्ध लगाउनु उच्च प्रभावकारी कार्य हो, किनकि नेपालमा आत्महत्याको प्रयासमा अधिकतर कीटनाशक औषधिकको प्रयोग गरिने देखिएको छ।

दोस्रो, आत्महत्याको जिम्मेवार रिपोर्टिङमा मिडियालाई प्रशिक्षित गर्ने।

मिडियाद्वारा आत्महत्याको जिम्मेवार रिपोर्टिङसम्बन्धी विश्व स्वास्थ्य संगठनले तयार गरेको मार्गदर्शनको नेपाली अनुवाद संस्करण हामी छिट्टै विमोचन गर्दैछौँ र यो हामी सबैका लागि खुशीको कुरा हो। मिडियाका प्रतिनिधिहरूलाई यो मार्गदर्शनसँग अभ्यस्त हुन र आत्महत्यासम्बन्धी प्रत्येक रिपोर्ट प्रकाशन गर्दा यसको पालना गर्न म आग्रह गर्दछु। त्यसैगरी, आत्महत्याको कुरा गर्ने प्रत्येक मिडिया रिपोर्टमा राष्ट्रिय आत्महत्या हेल्पलाइन ११६६ राख्न पनि म अनुरोध गर्दछु। के तपाइँ सचेतना जगाउन र जीवन जोगाउन सहयोग गर्न सक्नुहुन्छ ?

तेस्रो, किशोरकिशोरीहरूमा सामाजिक-संवेगात्मक जीवनोपयोगी सीप विकास गर्ने।

किशोरावस्था (१० देखि १९ वर्षको उमेर) सामाजिक-संवेगात्मक सीप हासिल गर्ने अत्यन्त महत्वपूर्ण उमेर हो, किनकी मानसिक स्वास्थ्यसम्बन्धी समस्या प्रायः १४ वर्षभन्दा पहिले नै देखिने गर्दछ। जीवन जीउने (लिभ लाइफ) मार्गदर्शनले मानसिक स्वास्थ्यको प्रवर्द्धन गर्ने र जिस्काउने सताउने (बुलिङ) विरुद्धका कार्यक्रमहरूलाई प्रोत्साहन गर्दछ। यो सहयोगी सेवाहरूसँग जोडिन्छ र विद्यालय तथा विश्वविद्यालयमा काम गर्ने मानिसको लागि यसले आत्महत्याको जोखिम पहिचानका विषयमा स्पष्ट मापदण्ड उपलब्ध गराउँछ।

चौथो रणनीति भनेको आत्महत्याका प्रयास गरेका छन् वा आत्महत्या गर्ने जोखिममा रहेका व्यक्तिहरूको प्रारम्भिक पहिचान, मूल्याङ्कन, व्यवस्थापन र अनुगमन हो।

आत्महत्याको सोच र व्यवहारबाट प्रभावित कुनै पनि व्यक्तिको प्रारम्भिक पहिचान, मूल्याङ्कन, व्यवस्थापन र अनुगमन जीवन रक्षाका लागि स्वास्थ्य प्रणालीका महत्वपूर्ण कार्यक्रम हुन्। मानसिक स्वास्थ्य सेवाहरूलाई प्राथमिक उपचार तहमा र थोरै स्रोत उपलब्ध हुने स्थानमा पनि प्रभावकारी ढङ्गले समायोजन गर्न सकिने प्रमाणहरू उपलब्ध हुँदै छन्। यो पद्धति लागतमैत्री छ र मानिसहरूको समग्र स्वास्थ्य तथा काम गर्ने क्षमतामा सकारात्मक प्रभाव पार्दछ। तथापि, यो सेवालाई राष्ट्रिय स्तरमै उपलब्ध गराउनको लागि सरकारले मानसिक स्वास्थ्यमा लगानीलाई धेरै गुनाले बढाउन जरुरी छ।

यी कार्यक्रमहरू नेपालको राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना २०२० र किशोरावस्थाको स्वास्थ्य रणनीति २०१८ मा पनि समेटिएका छन्। तथापि, मानसिक सुस्वास्थ्यको प्रत्याभूति गर्ने गरी बहुक्षेत्रीय कार्यहरूलाई समेट्दै अघि बढ्ने एउटा बृहत् राष्ट्रिय कार्यक्रम कार्यान्वयन गर्न पनि जरुरी छ।

हामीले मानसिक स्वास्थ्यलाई मानवअधिकार, सामाजिक समानता वा विकास योजना, जे जस्तो दृष्टिकोणले हेरे पनि- मानसिक स्वास्थ्यमा लगानी बढाउन प्रेरित गर्ने विश्वसनीय प्रमाण उपलब्ध भइसकेका छन्। राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना २०२० कार्यान्वयन गर्न र नेपालका लागि आत्महत्या रोकथामसम्बन्धी बृहत् कार्यक्रम विकास गरी कार्यान्वयन गर्नका लागि स्रोतहरूको विनियोजन बढाउन म आह्वान गर्न चाहन्छु।

"मानसिक स्वास्थ्यको लागि विशेष अभियान" नामक विश्व स्वास्थ्य संगठनले विश्वव्यापी अभियानमा नेपाललाई पनि एक लक्षित मुलुकको रूपमा राखेको छ। यस अभियानले नेपालको मानसिक स्वास्थ्य प्रणालीलाई साना परियोजनागत कार्यबाट माथि उठेर उल्लेख्य सुधारका कार्यहरूमा सहभागी हुने दीर्घकालीन अवसर प्रदान गर्दछ।

यो नेपालको लागि राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा प्रणाली सुधार कार्यान्वयनमा सहयोग गर्ने पञ्चवर्षीय प्रद्बिबद्धता हो। हामी नर्वे सरकार र मातहतको आर्थिक सहायता निकाय नोराडलाई उनीहरूको महत्वपूर्ण र सामयिक सहयोगको लागि धन्यवाद दिन चाहन्छौँ।

महिला तथा सज्जनवृन्द, आत्महत्या कहिल्यै पनि समाधान बन्न सक्दैन ! आत्महत्या कहिल्यै पनि समाधान नबनोस् भन्ने सुनश्चित गर्न हामीले हरसम्भव प्रयास गर्नुपर्छ !

अब म यस विश्व आत्महत्या रोकथाम दिवसको सन्दर्भमा, गत वर्ष आत्महत्याका कारण हामीले गुमाएका सबै व्यक्तिहरूको सम्झनामा एक मिनेट मौनधारण गर्न र उनीहरूको प्रियजनहरूप्रति ऐकवद्धता जनाउनु हुन आग्रह गर्न चाहन्छु।-(विश्व स्वास्थ्य संगठनका नेपाल प्रतिनिधि डा पाण्डवले विश्व आत्महत्या रोकथाम दिवसका अवसरमा व्यक्त गरेको मन्तव्य) स्वास्थ्य खबरबाट




# नेपाली काँग्रेसको सङ्कट र समाधानको उपाय



डा. राम थपलिया

ऐतिहासिक दस्तावेजलाई केलाएर हेर्ने हो भने नेपाली राजनीतिक घटनाक्रम सबैभन्दा परिवर्तनशील बनेको मुलुक हो । राणा शासनदेखि लिएर प्रजातन्त्र, पञ्चायत पुनः प्रजातन्त्र हुँदै अहिले गणतन्त्रको अवस्थाको बीचमा विभिन्न आरोह अवरोहको प्रत्यक्ष साक्षी र कारक बन्दै राजनीतिक घटना चक्रभित्र प्रमुख निर्णायक बनेको नेपाली काँग्रेस अहिले १४ औं महाधिवेशनको पूर्वसन्ध्यामा रहेको छ ।

भौगोलिक रुपमा दुई ‘सुपर पावर’ राष्ट्रहरु, माओत्सेतुङको विचारधाराको मुलुक र गान्धीको अहिंसावादी प्रतिनिधित्व गरेको नेपाल आज इतिहासको अर्को कठघरामा उभिएको छ ।

विश्वकै सर्वशक्तिमान मुलुक बन्ने अभियानमा लागेको चीन र संसारको सबैभन्दा ठूलो लोकतान्त्रिक प्रणाली अपनाएको भारत जस्तो देशसँग प्रभावशाली आर्थिक कूटनीति, सामाजिक तथा राजनीतिक कूटनीतिको धरातलमा नेपाल उभिन नसके देश एक गम्भीर दुर्घटनामा पस्ने परिस्थितिको यथार्थता मनन् गर्नुपर्ने अर्को गम्भीर अवस्था सिर्जना भएको छ ।

दुई ठूला शक्तिसम्पन्न मुलुकको बीचमा रहेर पनि आर्थिक विकास र भौतिक विकासमा खासै उन्नति गर्न नसक्नुको कारण आज देशका प्रत्येक सम्मानित नागरिकले बुझ्न र थाहा पाउनु अपरिहार्य छ । प्रत्येक राजनीतिक दलहरु र ती राजनीतिक दलका नेतृत्व वर्गहरुले बीपी कोइरालाले भनेको जस्तै देशको एक मुठी माटो शिरमा राखेर तीतो सत्य जवाफ नदिए इतिहासले उहाँहरुलाई कहिल्यै माफ गर्ने छैन ।

२०४६ सालको जनआन्दोलन र प्रजातन्त्रको उपलब्धिपछि करिब दुई दशक नेतृत्वमा रहेको नेपाली काँग्रेसले इतिहासको कठघरामा धेरै प्रश्नको उत्तर दिनै पर्दछ । बीपीको राजनीतिक मार्गदर्शनलाई कति अवलम्बन गर्न सक्यो, समाजवाद, प्रजातन्त्रको सुदृढीकरण, विकेन्द्रीकरण, आर्थिक सम्पन्नता जस्ता विषयहरुलाई ओझेलमा पार्दै नातावाद, कृपावाद, परिवारवाद, भ्रष्टाचार जस्ता विषयहरुको कति सम्बोधन भए, कति भएनन् ? जस्ता विषयहरुको प्रत्येक नेपाली काँग्रेसका कार्यकर्ताहरूले देशको एक मुठी माटो समातेर विवेचना गर्नैपर्ने आजको आवश्यकता हो ।

प्रत्येक महत्त्वपूर्ण जिम्मेवार ओहदामा बसेर चिल्ला गाडी चढ्ने, काठमाडौंमा महल ठड्याउँदै, राज्य संयन्त्रको बागडोर सम्हाल्दै बसेका नेतृत्व वर्गले कर्तव्यबोधका साथ आत्मालोचना गर्दै यथार्थताको पहिचान गर्दै समग्र तलदेखि माथिसम्मका नेताहरु एउटै पानामा उभिन पर्ने आजको अर्को अपरिहार्यता छ । यसका साथै राजनीतिक दलहरुले करिब १५ हजार नागरिकको रगतमा होली खेल्ने होस् अथवा केही समय राज्य शक्तिमा बसेर नेपालीले रगत र पसिनाबाट आर्जेको कमाइ राज्यभित्र करको दायित्वको नाम राख्दै देशदेखि विदेशसम्म महल ठड्याउन संलग्न भएका सबै राजनीतिक दलहरूका नेतृत्व वर्गले पनि खाडीमा रगत र पसिना बगाएका मजदुरदेखि देशभित्र बिहान बेलुका पेटभरि एक छाक नखाईकन बस्न विवश नेपालीहरुको आँशु पुछ्ने मलमपट्टी जवाफ दिनैपर्नेछ ।




ती नागरिकले केका लागि जीवन गुमाए ? उनीहरुको बलिदानी केका लागि थियो ? त्यसको प्रतिफल उनीहरुका परिवार, यो समाज अनि देशले के पायो ? त्यसको उत्तर कसले दिने ? निश्चित व्यक्तिको निहित स्वार्थका लागि हजारौं जनताको रगत बगेकोमा कुनै द्विविधा छैन । यदि देशका लागि हजारौंको बलिदान भएको भए अहिलेसम्म पनि देशमा राजनीतिक कु-संस्कार किन विद्यमान रहिरहनु ? सु-संस्कारको खोजीमा वा अन्य कुनै बहानामा भविष्यमा फेरि त्यस्तै नरसंहार नदोहोरिएला भनेर आम जनता कसरी विश्वस्त बन्ने ? त्यस प्रश्नको उत्तरका लागि श्रीमान्, श्रीमती, छोरा वा छोरी गुमाएका हरेक नागरिक व्यग्र प्रतीक्षामा छन् ।

अर्कोतिर विकसित, विकासोन्मुख मुलुकलाई नितान्त व्यक्तिगत स्वार्थका कारणले अशिक्षा, भोक, रोग, अन्याय र पीडाका घेरामा रहेका अधिकांश नेपालीको आवश्यकता सम्बोधन गर्नुको सट्टा अनावश्यक बाह्य प्रभावमा परी इतिहासकालदेखि कसैको अधीनमा नरही सार्वभौम

***बाँकी चार पृष्ठमा***




छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय सप्तरी




हनुमाननगर कंकालिनी नगरपालिकाको कार्यालय सप्तरी

## *नेपाली काँग्रेसको ...*

स्वाधीनतामा रहेको नेपाललाई अनावश्यक विवादमा लैजाने अकर्मण्यता जस्ता विषयहरुमा हुँदै गइरहेको नेपाली काँग्रेसको महाधिवेशनले स्पष्ट पार्नुपर्ने अर्को आवश्यकता हो ।

बीपी कोइरालाको राष्ट्रिय मेलमिलापको स्वर्णिम नीतिको कुरा वा संयुक्त राष्ट्र सङ्घमा दिएको भूपरिवेष्ठित, साना देशहरुको सार्वभौमसत्ताको सन्देशको कुरा अथवा छिमेकी तथा मित्रराष्ट्रहरूको बीचमा कूटनीतिक सन्तुलन र मर्यादाको अवधारणा जस्ता विषयहरु आज नेपाल र नेपालीको लागि अत्यन्त संवेदनशील देखिन्छ । वर्तमान नेपाल जस्ता अति कम विकसित मुलुकका नेतृत्वहरुको अज्ञानता, व्यक्तिगत स्वार्थ, बाह्य प्रभावले गर्दा ती देशहरुले विकराल परिस्थितिको सामना गर्नुपरेको कैयौँ उदाहरणहरु छन् ।

कतिपय देशहरुमा नरसंहारको अवस्था देखिएको छ भने कतिपय मुलुकहरुमा बाह्य शक्तिको प्रत्यक्ष उपस्थिति रहेको छ । जसका कारण उत्पन्न भएको द्वन्द्वमा सोही देशले आफ्ना नागरिक गुमाउनु परेको छ, देशमा नरसंहारको अवस्था देखिएको छ ।

सुडान, हाइटी, इराक, लिबियालगायत कैयौँ देशहरु र पछिल्लो उदाहरण अफगानिस्तान बन्न पुगेको सर्वविदितै छ । राजनीतिक विचारधाराको हिसाबले जुनसुकै विचारधारमा रहे पनि राष्ट्रियता तथा कूटनीतिक मर्यादाको सवालमा सबै राजनीतिक दलका नेतृत्वहरु, नागरिक समाजलगायत सबै क्षेत्रका सम्मानित नागरिकहरु एउटै पानामा नउभिए मुलुकका लागि सबैभन्दा ठूलो घातक सिद्ध भई सङ्कटको दलदलमा नेपाल फस्ने तीतो सत्य यथार्थता छ ।

नेपाल जस्तो सानो मुलुकमा पनि सयभन्दा बढी राजनीतिक दलहरु रहनु, दलहरु राष्ट्रिय स्वार्थभन्दा अन्तर्राष्ट्रिय प्रभावमा पर्नु, राजनीतिक दल आफैंमा समस्याको विषय नभए पनि राष्ट्रप्रति उनीहरुको अज्ञानता, परिणाम विकराल समस्याको परिणाम बन्न सक्छ । राजनीतिक दल बीचको एकता नै मुलुक बचाउने सबैभन्दा ठूलो अस्त्र हो भन्ने कुरालाई नजरअन्दाज गर्नु नेपालका राजनीतिक दलका नेतृत्ववर्गको अज्ञानता राष्ट्रको समस्या हुनसक्ने कुरा मनन्योग्य भन्ने विषयमा द्विविधा नहुनसक्छ ।

सत्ता प्राप्तिका लागि राजनीतिक दलका आन्तरिक नेतृत्वबीच देखिएको कु-संस्कार किन नहोस्, अन्य राजनीतिक दलहरुभित्र रहेको स्वार्थीपना किन नहोस् ? यो चरित्र समग्र राष्ट्र निर्माणमा बाधक भएको र समग्र नेपालीको सुनौलो भविष्यमाथि अन्धकार छाएको नेतृत्वमाथि सबै दलका कार्यकर्ताले विश्लेषणात्मक छलफल र मनन् गर्नपर्ने आजको अर्को आवश्यकता हो ।

आज समग्र नेपाली काँग्रेसका कार्यकर्ताको बीचमा धेरै सवालहरू छाएको छ । वर्तमान सत्ताको नेतृत्व गरिरहेको नेपाली काँग्रेसले विगत लामो समयदेखि पटक-पटक गरेर सत्ता सम्हाल्न पाएको अवसरलाई सदुपयोग कसरी गर्ने ? महामानव बीपी कोइरालाको अवधारणालाई कसरी पूर्ण पालना गर्ने ? बीपीको पाँच दशक अगाडिको मेलमिलापको नीति अवधारणालाई कसरी अङ्गीकार गर्ने ? बीपीले प्रत्युत्पादन गरेको राष्ट्रिय मेलमिलाप, सत्य, न्याय, करुणा, क्षमा दान र शान्ति तथा समृद्धि जस्ता सिद्धान्तहरुको कसरी अनुशरण गर्ने ? जस्ता मुद्दाहरूलाई प्राथमिकताका साथ सम्बोधन गर्नुपर्ने अपरिहार्यता छ ।

राजनीतिक दल बीचको विचारको द्वन्द्व, राजनीतिक दलभित्रको द्वन्द्वका कारण मुलुकले भोग्नुपरेको परिणामलाई मध्यनजर गर्दै आसन्न महाधिवेशनमा पनि राष्ट्रिय मेलमिलापको औचित्य पुष्टी गर्दै बीपीको मार्गदर्शनलाई पालना गर्नु आजको आवश्यकता देखिन्छ ।

नेपाली काँग्रेसले आफ्नो पहिलो प्राथमिकतामा नागरिकको सामाजिक सुरक्षा, आर्थिक उन्नतिका साथै शैक्षिक र नैतिकतामा जोड दिनुपर्छ । महाधिवेशनमा सामाजिक सुरक्षा लोक कल्याणकारी राज्यको अवधारणालाई अघि सार्दै न्यायोचित बाँडफाँडका साथै राज्यका लागि नागरिकको कर्तव्य र बहन गर्नुपर्ने दायित्वलाई अघि सार्नुपर्दछ, साथै राष्ट्रिय अर्थतन्त्रभित्रका मुद्दाहरूमा गम्भीरताका साथ छलफलमा ल्याउनुपर्ने आजको आवश्यकता वा गाम्भीर्यता हो भन्ने कुराबाट विचलित हुनुहुँदैन ।

पार्टी नेतृत्वले आमजनता एवं कार्यकर्ताको स्वास्थ्य, शिक्षा, सामाजिक तथा आर्थिक सुरक्षाका साथै बाँच्नका लागि पाउनुपर्ने न्यूनतम आवश्यकतालाई प्रमुख मुद्दाका रुपमा केवल कागजमा मात्र नभई व्यावहारिक रुपमा अगाडि बढाउने स्पष्ट मापदण्ड तयार गर्नुपर्दछ । राष्ट्रहितका लागि व्यक्तिगत र पार्टीको स्वार्थभन्दा माथि उठेर गर्नुपर्ने कार्यमा विचलित नभई सही निर्णय लिन सक्नु अहिलेको नेतृत्वको प्रमुख आवश्यकता हो । पार्टीभित्र देखिने गरेका विभिन्न असन्तुष्टि एवं फरक विचारलाई छलफलमा ल्याई त्यसको निराकरण गरेर अघि बढ्न सकेमा मुलुक निर्माणमा सहयोगी सिद्ध हुने कुरामा दुई मत छैन ।

राष्ट्रका लागि होस् वा पार्टीका लागि होस् सहकार्य, सहयात्राको नारालाई आत्मसात गर्दै अगाडि बढाएर साझा दृष्टिकोणमा सहकार्य गर्नु राष्ट्रका लागि अग्रगामी कदम हुनसक्छ । व्यक्तिवादी सोचलाई त्याग्दै विश्वका अन्य मुलुकहरुले भोगेको समस्यालाई मध्यनजर गर्दै त्यस्ता समस्याबाट राष्ट्र र पार्टीलाई मुक्त गराउनु अहिलेको अर्को अपरिहार्यता हो ।

प्रत्येक सामाजिक तथा राजनीतिक आन्दोलनमा हरेक व्यक्ति सामूहिक जीवनपद्धति, भिन्नतालाई स्वीकार्ने र सम्मानजनक जीवन बाँच्ने कुराको सुनिश्चितता, शान्ति तथा सुरक्षाको प्रत्याभुति चाहन्छ । पहिचानको सम्मान, विविधताको स्वीकारोक्ति, मानवीय सम्बन्ध, आत्मसम्मान र स्वतन्त्रताको प्रवर्द्धछन र सङ्घीय स्वतन्त्रता, सांस्कृतिक विविधताको संरक्षणलाई सम्मान गर्दै सामाजिक, राजनीतिक, आर्थिक पक्षको सुदृढीकरण चाहन्छ । त्यसैले नेपाली काँग्रेसले जनताको तहमा बसेर यस्ता विषयलाई सम्बोधन गर्नु मुलुकलाई समृद्धि बनाउनु र जनतालाई पार्टीप्रति विश्वस्त दिलाउनु पनि अर्को अपरिहार्यता हो ।

राजनीतिक दलहरु नै प्रजातन्त्र या लोकतन्त्रको संवाहक हो भन्ने कुरामा दुई मत देखिन्न । तर, लोकतन्त्र केवल निश्चित वर्ग, राजनीतिक दल, तह र तप्काका मानिसको हितका लागि मात्र नभएर समग्र देशको आर्थिक सम्पन्नता हुँदै सार्वभौमिकताको रक्षा गर्नु पनि हो ।

परापूर्वकालदेखि जोगिइराखेको देशको सम्प्रभुता र सार्वभौमिकताको रक्षार्थको निम्ति वर्तमान परिस्थितिमा संवेदनशीलताको गहिराइमा जान पर्ने देखिन्छ । सङ्कट व्यवस्थापनको एक महत्त्वपूर्ण सिद्धान्तले भन्छ, 'सक्छौ भने सङ्कटको समाधान गर, सक्दैनौं भने समाधान गर्ने नाउँमा अरु थप क्षति नपुर्याऊ ।' यस सिद्धान्तलाई अनुशरण गर्दै भविष्यमा पनि देशको सार्वभौमिकतालाई दखल पुर्याउनबाट बचाउनु मातृभूमिप्रतिको दायित्वको बोध पनि त्यत्तिकै संवेदनशील छ ।

प्राकृतिक हिसाबले सर्वगुण सम्पन्न मुलुक नेपालमा बाह्य शक्तिले गिद्दे दृष्टिले नजर लगाउनु सामान्य कुरा हो, तर त्यसबाट मुक्त हुनका लागि नेपालभित्रका राजनीतिक दल, नेतृत्वमा रहेका नेतृत्ववर्ग र विशेष गरी नेपाली काँग्रेसको भूमिकामा स्पष्ट नेतृत्वदायी हुनुपर्दछ ।

संसारमा भएका असल राजनेताहरू विल्सन चर्चिल, एलिजाबेथ फ्रष्ट, विड्रो विल्सन, माओ, गान्धी, बीपी कोइरालाले खेलेको भूमिका र सङ्कटको मोचन गरेका इतिहासबाट पाठ सिक्नु आजको अर्को अनिवार्यता छ । विगतको नेपाललाई हेर्दै अहिलेको नेपालको कल्पना गर्नुभन्दा पनि भविष्यको नेपालको कल्पना गर्नु उपयुक्त हुन्छ, अन्य मुलुकभन्दा फरक हुन कसरी सकिन्छ भन्ने कुराको ध्येय रहनु आवश्यक हुन्छ । आज देशमा विनाशकारी शक्ति होइन, समन्वयकारी शक्तिको आवश्यकता छ ।

तत्कालको नेपाल निर्माणका लागि भन्दा पनि भविष्यको नेपालको परिकल्पनालाई मजबुद गराउनु आजको आवश्यकता हो । वर्तमान राजनीतिक नेतृत्वले निश्चित र क्षणिक स्वार्थ त्याग्दै राजनीतिक दल बीचको आपसी सम्बन्धका साथै पार्टीभित्रका आन्तरिक गुट र उपगुटको निराकरण गर्ने संस्कार नै एउटा राजनीतिक दलको जीवन्त आचरणको महत्त्वपूर्ण बोध गर्ने संस्कारको विकास गर्नुपर्ने देखिन्छ ।

अन्त्यमा सर्वप्रथम नेतृत्व वर्गमा देश र जनताप्रतिको उत्तरदायित्व र भावना जागृत गराउने, जनतालाई नागरिक शिक्षाका साथै, वास्तविक प्रजातन्त्रको आभास दिलाउने, मुलुकमा शान्तिपूर्ण सांस्कृतिक शिक्षा, सहनशीलता, साझेदारीको विकास, आपसी समझदारीको प्रवर्द्धन, अन्तरसांस्कृतिक बहस, लैङ्गिक समानता र सौहार्दपूर्ण ऐक्यबद्धतालाई अवलम्बन गर्दै अगाडि बढ्न सकेमा नेपाल साथै नेपाली काँग्रेसको भविष्य पनि सुनिश्चित र सुखद् हुने कुरामा दुई मत छैन ।

नेपाली काँग्रेसले समग्रमा केवल सत्ताका लागि मात्रै साझेदारी नभई विचार र दृष्टिकोणमा पनि साझेदारी र सहकार्य गर्ने गरी एक निर्दिष्ट मापदण्ड तयार पार्नु नै काँग्रेस महाधिवेशनले प्रमुख मुद्दा बनाउनुपर्नेछ । रातोपाटीबाट





# डाक्नेश्वरी नगर कार्यपालिकाको कार्यालय सप्तरी




# तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# अदालतबाट बीस वर्ष कैद सजाय तोकिएका फरार प्रतिवादी पक्राउ

**राजविराज**/अदालतबाट २० वर्ष कैद सजाय तोकिएर फरार रहेका मध्येबाट एक प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको साबिक मानराजा गाबिस ७ हाल बोदेबरसाईन नगरपालिका ७ निवासी दानालाल यादव छन् ।



बि.स. २०६२ सालमा स्थानिय गंगाराम कापैरलाई मारेको कर्तब्य ज्यान मुद्दामा सप्तरी जिल्ला अदालतले २०७३ बैशाख २२ गते सचिव कुमार सदा, बिजय कुमार यादव र दानालाल यादवलाई जन्म कैद (बिस बर्ष) कैदको फैसला सुनाएको थियो ।

यादवलाई सोमबार गाउँ घरमा लुकीछिपी बसेको अवस्थामा फेला पारी प्रहरीले पक्राउ गरेको तथा पक्राउ परेका यादवलाई मंगलबार सप्तरी जिल्ला अदालतमा उपस्थित गराई कैद भुक्तानको लागी कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## गाइगोठमा आगलागि दुई गाई जले

**राजविराज**/सप्तरीको कंचनरुप नगरपालिकास्थित एक गाइगोठमा आगलागी हुँदा दुई गोरुगाडासहित दुई गाई जलेर मरेका छन् ।

सो नगरपालिका वडा न.. १० बदगामामा निवासी बौवालाल खड्गा यादवको गाईगोठमा आगलागि हुँदा गाईगोठ जल्नुको साथै सो गोठमा रहेको दुई वटा गाई जलेर मरेका छन भने एउटा पाडो जलेर घाइते भएको छ ।

घरमा बालेको घुरबाट सल्केको आगोले गोठमा राखिएको दुई वटा गोरुगाडा जल्नुका साथै एक मन धानसहित करिब ५ लाख मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

आगोलाई स्थानियबासी र प्रहरीले नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय कंचनपुरले जनाएको छ ।

## नागढुंगाबाट लागुऔषधसहित सप्तरीका एक यूवक पक्राउ

**राजविराज**/सप्तरीका एक यूवक चन्द्रागिरि नगरपालिका २ नागढुङ्गाबाट लागुऔषधसहित पक्राउ परेका छन् ।

राजविराजबाट काठमाडौं जाँदै गरेको ना ५ ख ५३१५ नं को यात्रुबाहक बस चेकका क्रममा लागुऔषधसहित जिल्लाको रुपनी गाउँपालिका ६ का १९ वर्षीय सुरेश खड्ग पक्राउ परेका हुन् ।

प्रहरीले कालो रङ्गको झोलाभित्र लुकाएर ल्याएको नाइट्राभेट-१० लेखिएको ५८५ टचाब्लेट लागुऔषसहित खड्गलाई पक्राउ गरिएको जनाएको छ ।

### *चौठ चन्द ...*

लागेपछि नारदले उहालाई भदौ शुक्ल चतुर्थीका दिन उपवास बसेर निष्ठा पुर्वक हातमा फल लिई चन्द्रमाको दर्शन र पुजा गरे कलंकबाट मुक्ती पाउने उपाय बताएको चौठ चन्द कथामा उल्लेख छ ।

कोरोनाको त्रासका कारण केही वर्ष यता भने चाड पर्वको रौनक घटेको र यसको प्रभाव चौठ चन्द पर्वमा समेत परेको श्रद्धालुहरुले बताएका छन् ।

यता सप्तरीको १८ स्थानिय तह मध्ये एक हनुमानगर कंकालनी नगरपालिकाले पर्व मनाउन सार्वजनिक बिदा दिएको नगरप्रमुख शैलेश साहले जानकारी दिए ।

प्रदेश २ को धनुषा सहित ८ वटै जिल्लाका केही स्थानीय तहहरुले आफू निर्णय गरी सार्वजनिक विदा दिएको हो ।

### *ट्याक्टरको...*

जाने क्रममा विपरीत दिशाबाट आउँदै गरेको स.१त. २८७८ नंको ट्याक्टरले मिलनचोकमा ठक्कर दिएको थियो ।

खंगको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । ट्याक्टर र मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिई अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।


कोरोना विरुद्धको खोपको पर्खाईमा रहेका नागरिकलाई खोप केन्द्रसम्म पुऱ्याउन सहयोग गरौं । खोप केन्द्रमा भीडभाड नगरौं ।

खोप लगाऔं, कोरोनाबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३


# अन्तर्राष्ट्रिय समाचार

## बेलायतमा २४ घन्टामा ३८ हजारभन्दा बढीमा कोरोना संक्रमण

**लण्डन**/बेलायतमा एकैदिन कोरोना भाइरसका ३८ हजारभन्दा बढी सङ्क्रमित फेला परेका समाचारमा जनाइएको छ । पछिल्ला केही दिनयता यहाँ भाइरसका सङ्क्रमित थपिने क्रम बढ्दै गएको पाइएको छ । यसै क्रममा यहाँ शुक्रबार ३८ हजार भन्दा पनि बढी सङ्क्रमित पाइएको बताइएको हो ।

यहाँ गएको २४ घण्टामा ३८ हजार १३ जना कोरोना भाइरसका नयाँ सङ्क्रमित थपिएका छन् । यो समेत गरी बेलायतमा सङ्क्रमित हुनेको सङ्ख्या ७१ लाख ३२ हजार ६२ जना पुगेको जानकारी दिइएको छ । त्यसैगरी यहाँ गएको २४ घण्टामा यहाँ १६७ जनाको कोरोनाकै कारण निधन भएको पनि बताइएको छ । यहाँ लामो समयपछि एकै दिन यतिधेरै मानिसको निधन भएको हो ।

पछिल्ला केही हप्तामा यहाँ सङ्क्रमित थपिने र मृत्यु हुनेको सङ्ख्या पनि बढेको बताइएको छ । तर धेरै पछि यहाँ एकै दिन १६७ जनाको मृत्यु भएको यहाँका स्वास्थ्य अधिकारीले जनाएका छन् । यहाँ यो भाइरसबाट एक लाख ३३ हजार ८८१ जनाको मृत्यु भइसकेको छ । यहाँ पछिल्लो समयमा लकडाउन खुला गरिएको र त्यसपछि पनि भाइरसको सङ्क्रमण बढ्दै गएको पाइएको छ । त्यसैले सरकारले यहाँ सतर्कता अपनाउन सार्वजनिक सूचना जारी गरिरहेको छ । एजेन्सी

## अमेरिकामा संक्रमित बालबालिका अस्पताल भर्ना हुने क्रम बढ्यो

**न्युर्योक**/अमेरिकामा अस्पताल भर्ना हुने सङ्क्रमित बालबालिकाहरुको सङ्ख्यामा बृद्धि भएको छ । कोरोनाभाइरसबाट सङ्क्रमित भएका मध्ये अस्पताल भर्ना हुने अधिकांश बालबालिकामा डेल्टा भाइरस देखिएको अधिकारीहरुले जनाएका छन् ।

अमेरिकामा नयाँ शैक्षिक सत्र सुरु भएको केही समयमै बालबालिकामा सङ्क्रमणको असर धेरै देखिन थालेको छ । अमेरिकामा देशभरी नै डेल्टा भेरिएन्ट फैलिएको छ । चिकित्सकहरुले पनि डेल्टा भेरिएन्ट र शैक्षिक सत्रकोसुरुवातका कारण धेरै बालबालिका सङ्क्रमित भएको बताएका छन् । अमेरिकाको केन्द्रीय स्वास्थ्य तथा मानव सेवा मन्त्रालयले गत मंगलबार मात्रै दुई हजार ३९६ जना बालबालिका कोरोनाभाइरसका कारण अस्पताल भर्ना भएको जनाएको छ । यो सङ्ख्या निकै धेरै भएको पनि अधिकारीहरुले बताएका छन् । अमेरिकामा कोरोनाभाइरसको महामारी सुरु भएको समय सन् २०२० को अगस्टदेखि अहिलेसम्म कुल ५५ हजार बालबालिका कोरोनाका कारण अस्पताल भर्ना भएका छन् ।

कोरोनाभाइरसका कारण मृत्यु भएका बालबालिकाहरुको सङ्ख्यामा पनि बृद्धि हुदै गएको पाइएको छ । मन्त्रालयका अनुसार अहिलेसम्म ५२० जनाको मृत्यु भइसकेको छ । एजेन्सी

## अमेरिकामा एक लाख ४७ हजार संक्रमित, एक हजार ५७९ जनाको मृत्यु

**वासिङ्टन**/संयुक्त राज्य अमेरिकामा पछिल्लो २४ घण्टामा एक लाख ४७ हजार ८१६ जना कोभिड-१९ बाट सङ्क्रमित भएका छन् । कोभिडका कारण यो अवधिमा एक हजार ५७९ जनाको मृत्यु भएको छ ।

न्यूयोर्क टाइम्सका अनुसार अमेरिकामा सङ्क्रमित सङ्ख्यामा औसतमा दैनिक पाँच प्रतिशत कमी आएको छ । अमेरिकामा हालसम्म कूल छ लाख ५६ हजार ४४७ जनाको निधन भएको छ भने दुई हप्तामा औसतमा २८ प्रतिशतले मृत्यु घटेको बढेको छ ।

सेप्टेम्बर ९ को तथ्याङ्कअनुसार एक लाख ६१० जना कोरोना सङ्क्रमितहरू अस्पतालमा भर्ना भएका छन् । अस्पताल भर्ना हुने दरमा एक प्रतिशतले वृद्धि भएको छ भने हालसम्म कोरोना सङ्क्रमित हुनेको कूल सङ्ख्या चार करोड सात लाख ३८ हजार २९ पुगेको छ ।

देशभर एक दिनमा १६ लाख १२ हजार २५२ जनाले कोरोना जाँच गराएका थिए भने जाँच गराउने सङ्ख्या दरमा १७ प्रतिशतको वृद्धि भएको छ । अमेरिकामा कूल जनसङ्ख्यामा पूर्ण खोप लगाउनेको सङ्ख्या ५३.४ प्रतिशत पुगेको छ भने एक मात्रा खोप लगाउनेको सङ्ख्या ६२.७ प्रतिशत पुगेको छ ।

यहाँ किशोर तथा वयस्क अर्थात् १८ वर्षभन्दा माथिको समूहमध्ये कम्तीमा पनि एक मात्रा खोप लगाउनेको सङ्ख्या ७५.३ प्रतिशत छ । यहाँ दुवै खोप अर्थात् पूर्ण खोप ६४.५ प्रतिशतले लगाइ सकिएको छ ।

अमेरिकामा हालसम्म तीन करोड १७ लाख ४४ हजार ९५९ जना कोरोनामुक्त भएका छन् । अमेरिकामा ६५ वर्षभन्दा माथिको उमेरकालाई कम्तीमा एक मात्रा खोप ९२.६ प्रतिशत र पूर्ण खोप ८२.२ प्रतिशत दिइएको सीडीसीले जनाएको छ ।

अमेरिकामा हालसम्म ४५ करोड २७ लाख ८१ हजार १९५ खुराक खोप आपूर्ति गरी सकिएको छ । एजेन्सी

# छुट्टाछुट्टै घटनामा एक बालकसहित दुईको मृत्यु

**राजविराज**/सप्तरीको छुट्टाछुट्टै घटनामा एक बालकसहित दुई जनाको मृत्यु भएको छ।

जिल्लाको शम्भुनाथ नगरपालिका ३ कचन्दाहा टोलमा पोखरीमा डुबेर एक यूवकको मृत्यु भएको छ।

सार्बजानिक पोखरीमा स्थानिय २५ वर्षिय कृष्ण मण्डल डुबेर मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यसैबीच सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका वडा नं. ३ सकरपुरामा बिहीबार साँझ करेन्ट लागेर एक बालकको ज्यान गएको छ।

स्थानिय बिनोद ठाकुरको ११ बर्षीय छोरा चन्दन ठाकुरको करेन्ट लागेर मुत्यु भएको प्रहरीले जनाएको छ।

टिभि हेर्ने डिस होमको रिसिभरलाई सफा गर्ने क्रममा करेन्ट लाग्दा उनको घटनास्थालमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# काँग्रेस सप्तरीका सभापति दिनेश यादवले प्रदेश २ को सभापतिमा उम्मेदवारी दिने



**राजविराज**/नेपाली काँग्रेसको १४ औं महाधिवेशनमा प्रदेश नं. २ को सभापति पदमा नेपाली कांग्रेस सप्तरीका सभापति दिनेश कुमार यादवले उम्मेदवारी दिने घोषणा गरेका छन्।

नेपाली काँग्रेस सप्तरीको कार्यालय आयोजित पत्रकार सम्मेलनमा सभापति यादवले सो घोषणा गरेका हुन्।

उम्मेदवारी घोषणा गर्दै सभापति यादवले सिफारिस गरिएका क्रियाशील सदस्यता नदिइए कडा प्रतिकार गर्ने चेतावनी समेत दिए। उनले पार्टीको विधान, नियमावली र केन्द्रीय परिपत्र बमोजिम विधिवत क्रियाशील फारम भरेर केन्द्रलाई बुझाएपनि यहाँको फायल नै बन्द गरिएकोप्रति असन्तुष्टि व्यक्त गरे।

जिल्लाभित्र करीब ९ हजार नयाँ क्रियाशील सदस्यले पार्टीप्रति आस्था राख्दै त्यस बापतको शूल्क समेत तिरिसकेको अवस्थामा केन्द्रीय क्रियाशील सदस्यता छानबिन समितिले स्थगित गरेकोप्रति आपत्ति जनाए।

# राजविराजमा कोरोना परिक्षण सुरु

**राजविराज**/एक महिनादेखि बन्द रहेको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालको पीसीआर परीक्षण मंगलबारदेखि पुनः सुचारु भएको छ। साउन १२ गते पीसीआर मेसिनमा गडबडी हुँदा परीक्षण कार्य रोकिएको थियो।

प्रदेश २ सरकारबाट अर्को पीसीआर मेसिन पठाएपछि पुनः परीक्षण सुरु भएको अस्पतालका पीसीआर परियोजनाका प्रमुख प्रकाशकुमार यादवले जानकारी दिएका छन्।

यसअघि परीक्षणका लागि नमूना राख्दा रिपोर्ट नेगेटिभ आउने ठाउँमा पोजेटिभ देखाउने र पोजेटिभको ठाउँमा नेगेटिभ आउने गरेकाले तत्कालका लागि परीक्षण सेवा नै बन्द गरिएको थियो।

अस्पतालका प्रमुख डा. रन्जितकुमार झाले मेसिनमा प्राविधिक गडबडी भएकाले कोरोना भाइरसको स्वाब परीक्षण बन्द रहेको अवस्थामा प्रदेश सरकारले मेसिनलाई मर्मत नगरी अर्को मेसिन नै दिएपछि स्वाब परिक्षण सञ्चालन गरिएको बताए।

# खेलकुदका दुई कर्मचारीले पाए अवकाश

**राजविराज**/जिल्ला खेलकुद विकास समिति सप्तरीमा कार्यरत दुई कर्मचारीले अवकाश पाएका छन्।

विगत लामो समयसम्म सेवारत फुटबल प्रशिक्षक राजकुमार परियार र कार्यालय सहयोगी त्रिपितनारायण साहले अवकाश पाएका हुन्।

यसैबीच दुबै कर्मचारीलाई सो कार्यालयले सम्मानसहित विदाई गरेको छ। समितिको कभर्ड हलमा आयोजित एक कार्यक्रममा दुबैलाई सम्मानसहित विदाई गरिएको छ।



परियार २०५२ साल असोजदेखि कार्यरत रही ०७८ जेठ २ गते उमेर हदका कारण फुटबल प्रशिक्षक अधिकृत तृतिय पदबाट अनिवार्य अवकाश पाएका छन् भने साह २०३८ साल मंसिर ६ गतेदेखि २०४८ सालसम्म स्थायी रुपमा सेवारत थिए। २०५० सालदेखि २०७५ सालसम्म स्थानीय स्रोतबाट पारिश्रमिक पाउँदै सेवा प्रदान गरेका थिए।

करातेका बरिष्ठ प्रशिक्षक बिजयमान थापाको अध्यक्षतामा आयोजित कार्यक्रममा राखेप कर्मचारी संघका अध्यक्ष थापा, कार्यालय प्रमुख भुजेल, सम्मानित परियार, टेबुलटेनिस संघका अध्यक्ष मनोहर पोखरेल र प्रशिक्षक उमेश गुरुङ, विभिन्न खेलका प्रशिक्षक, कर्मचारी, खेलाडीहरूको उपस्थिती रहेको थियो।

सम्मान तथा विदाई कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद कर्मचारी संघका अध्यक्ष रन्जन थापा र कार्यालय प्रमुख दिनेश भुजेलले कदर पत्र प्रदान गरे।











देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५२१०९६





**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*